बैठक संख्या ०१-०८२।८३

आज मिति २०८२।०४।०१ गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यू, को अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निर्मल राना | ( गाउँपालिका अध्यक्ष ) |
| २. श्री सपना चौधरी राना | ( गाउँपालिका उपाध्यक्ष) |
| ३. श्री प्यारेलाल राना | ( १ नं. वडा अध्यक्ष) |
| ४. श्री आशाराम राना | ( २ नं. वडा अध्यक्ष) |
| ५. श्री टिकाराम डगौरा | (३ नं. वडा अध्यक्ष) |
| ६. श्री बहादुर राना | ( ४ नं. वडा अध्यक्ष) |
| ७. श्री पहल बहादुर थापा | ( ५ नं. वडा अध्यक्ष) |
| ८. श्री हर्कनारायण जोशी | ( ६ नं. वडा अध्यक्ष) |
| ९. श्री वासमती राना | ( गाउँकार्यपालिका सदस्य) |
| १०. श्री दिलमाया चौधरी | ( गाउँकार्यपालिका सदस्य) |
| ११. श्री विन्दु देवि तिरुवा | ( गाउँकार्यपालिका सदस्य) |
| १२. श्री शान्ती सार्की | ( गाउँकार्यपालिका सदस्य) |
| १३. श्री गीता देवि कोली (अनुपस्थित) | ( गाउँकार्यपालिका सदस्य) |
| १४. श्री दुर्गा देवि कामी | ( गाउँकार्यपालिका सदस्य) |
| १५. श्री राज बहादुर सार्की | ( सदस्य सचिव) |

**बैठक संख्याः १ आ.व.२०८२।०८३ मिति २०८२।०४।०१ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१**

आ.व.२०८१।०८२ मा यस लालझाडी गाउँ कार्यपालिका बैठकहरुबाट पारित भएका सम्पूर्ण निर्णयहरुको समीक्षा एवं अनुमोदन गर्नुका साथै लालझाडी गाउँपालिकाको आ.व.२०८१।०८२ लागि गाउँसभाबाट स्वीकृत भै सम्पन्न गरिएको बार्षिक बजेट तथा कार्यक्रमको समीक्षा गरियो।

**निर्णय नं.२**

लालझाडी गाउँपालिका अन्तरगत संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा नेपालको संविधानको अनुसूची ८ को स्थानीय तहको अधिकारको मर्मअनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड ज को नं (१०) मा उल्लिखित विद्यालयको गुणस्तर अभिवृद्धिका लागि विद्यालय क्षेत्र विकास योजनामा उल्लेख भए अनुरुप सुरक्षित विद्यालय बनाई विद्यार्थीमाथि हुने दुर्व्यवहार तथा लैङ्गिक हिंसा न्यूनीकरण गरी शैक्षिक गुणस्तर बढाउन कानुनी व्यवस्था गर्नु अत्यवश्यक भएकोले **गुनासो सुनुवाई कार्यविधि २०८२** स्वीकृत गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने गराउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.३**

बालिका, अपाङ्गता भएका एवं सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा समन्यायिक पहुँच तथा सहभागिता, सिकाइ उपलब्धि सुनिश्चित गर्न, शिक्षा सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गरी शिक्षामा समता, समावेशीकरण एव विविधता व्यवस्थापनका विषयलाई प्रभावकारी बनाउन यस लालझाडी गाउँपालिका र अन्तरगतकाम विद्यालयमा सरोकारवालाको सञ्जाल गठन गरी विद्यालयतहको शिक्षामा सहभागिता तथा समावेशीकरणलाई सुदृढीकरण गर्न **बालिका तथा समावेशी शिक्षा संजाल (गठन तथा संचालन) सम्बन्धी मापदण्ड २०८२** स्वीकृत गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ४**

नेपाल सरकारबाट कार्यक्रम संचालनार्थ जनशक्ति व्यवस्थापनका लागि बजेट प्राप्त भै नआएको र स्वीकृत दरबन्दी भन्दा बढी तथा आन्तरिक श्रोत अपुग हुने देखिएको कारण क्षयरोग मुक्त पालिका कार्यक्रम संयोजकको रुपमा कार्यरत विकाश डगौंरा, रोजगार सेवा केन्द्र अन्तरगत रोजगार सहायक पदमा कार्यरत नयन चौधरी र रोजगार प्राविधिक पदमा कार्यरत दिनेश पाण्डे एवं प्राविधिक शाखा अन्तरगत इन्जिनियर पदमा कार्यरत अमृत विष्टको करार अवधि/म्याद थप नगर्ने निर्णय गरियो।

साथै उपर्युक्त बाहेक यस गाउँपालिका र गाउँपालिका अन्तरगतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा करार सेवा तथा दैनिक ज्यालादारीमा कार्यरत रही निरन्तर सेवा प्रदान गर्दै आईरहेका एवं कामकाज सन्तोषजनक भएका कर्मचारीहरुलाई विज्ञापनद्वारा पदपूर्ति नहुन्जेल वा अर्को व्यवस्था नहुन्जेलसम्मका लागि कामकाजमा निरन्तरता दिने गरी देहाय बमोजिम करार अवधी थप गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**(क) गाउँपालिका तथा वडा कार्यालय तर्फका १ वर्ष करार अवधी थप हुने कर्मचारीहरुः**

| क्र.स. | नाम थर | पद | कार्यरत शाखा/ कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | केशव दत्त पन्त | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | |
| २. | मनोज चौधरी | फिल्ड सहायक | पञ्जिकरण/ आ.प्र. शाखा | |
| ३. | मोलीराम राना | फिल्ड सहायक | पञ्जिकरण शाखा | |
| ४. | प्रभुराज जोशी | सामाजिक परिचालनक | गरिब सँग विशेश्वर कार्यक्रम | सहकारी समेत |

निर्णय प्रमाणित